स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता प्रदीप खड्काको 'पाइपलाइन'मा फिल्म थपिने क्रम जारी छ । अब उनले कृषा चौलागाईंको निर्देशन रहने नयाँ फिल्म 'पिताम्बर'मा पनि काम गर्ने भएका छन् । आइतबार कृषा र प्रदीपबीच कागजी सम्झौताको तयारी छ । प्रदीप फिल्मको कथा सुन्ने बितिक्कै सकारात्मक देखिएका थिए । तर, उनी आफ्नो क्यारेक्टरलाई लिएर आफैं विश्वस्त हुन सकेका थिएनन् । फिल्ममा उनी एक्सन भूमिकामा देखिने जानकारी प्राप्त छ । त्यसका लागि उनले शरीर कसिलो बनाउनुपर्नेछ ।

**आजको विचार...**



नन्दलाल खरेल

नागरिकप्रति...

(दुई पेजमा)



मल्टीस्टारर फिल्म 'रङ्गेली' आगामी फागुन २५ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । पोस्टर र टिजर समेत सार्वजनिक भैसकेको फिल्मको केही प्रतिशत छायांकन भने अभिनेता सौगात मल्लको पखाईमा रोकिएको थियो । सौगात समय दिन नभ्याएपछि उनको 'च्याप्टर क्लोज' भएको थियो । सौगातले नभ्याएपछि उनको ठाउँमा निर्माण टिमले अभिनेता आर्यन सिग्देललाई भित्रिएको छ । गत हप्ता काठमाडौंमा उनको भागको छायांकन पनि भैसकेको छ । फिल्ममा उनको भूमिकाबारे भने कुनै जानकारी प्राप्त भएको छैन ।

❑ वर्ष २९ ❑ अंक १७९ ❑ २०८० माघ १३ गते शनिबार 27 January 2024, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### बम विस्फोटमा १९ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**कङ्गो,** माघ १२ /लोकतान्त्रिक गणतन्त्र कङ्गोको पूर्वी म्वेसो सहरमा विद्रोहीहरूले गरेको बम विस्फोटमा बिहीबार कम्तीमा १९ जना सर्वसाधारणको मृत्यु भएको सेनाले प्रेस विज्ञप्तिमार्फत् जनाएको छ । मार्च २३ आन्दोलनका विद्रोहीहरूले १२० भन्दा बढी गोलाबारी प्रहार गरी गरेको आक्रमणमा १९ जनाको मृत्यु हुनुका साथै २७ जना घाइते भएको बताइएको छ । अधिकारीहरूले उक्त आक्रमणलाई आतङ्कवादी कार्य र अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लैन मानेका छन् । संयुक्त राष्ट्रसंघका अनुसार सन् २०२३ मा पूर्वी कङ्गोमा उच्च स्तरको हिंसा र विस्थापनका कारण मानवीय संकट अझै बिग्रिएको छ । सन् २०२१ को अन्त्यमा पुन:रुत्थान भएको विद्रोही समूहले द्वन्द्व र मानवीय संकट निम्त्याएको छ र कङ्गोको भूमिमा प्रमुख किल्लाहरू कब्जा गरेको छ । यसैबीच, गणतन्त्र कङ्गोमा संयुक्त राष्ट्र संघका एजेन्सीहरूले बिहीबार देशभरका बाढी पीडितहरूका लागि लगभग ३६ लाख अमेरिकी डलर परिचालन गरेका छन् । विपद् राहत कोष कङ्गोमा संयुक्त राष्ट्रसंघका एजेन्सीहरूका संयोजक क्रिस एमबुरुले सामाजिक मामिला, एकता तथा मानवीयकार्यमन्त्री इरेन मेरी सिसिल एमबुकोउ-किम्बाट्सालाई हस्तान्तरण गरेका थिए ।

# सम्झौता अघि नै सकियो निर्माण कार्य

## बजेट नआउँदा भुक्तानी दिन समस्या

रासस

**अर्घाखाँची,** माघ १२/अर्घाखाँचीको सन्धिखर्क नगरपालिकामा भएका निर्माण ठेक्का सम्झौताभन्दा पाँच महिना अघि नै सम्पन्न भएका छन् । विभिन्न स्थानमा ठेक्का सम्झौताअनुसार काम नभएको, योजना अलपत्र परेको, निर्माण व्यवसायी काम छाडेर भागेको भन्ने खबर आइरहँदा सन्धिखर्क नगरपालिकामा भएका कामलाई उदाहरणका रूपमा लिइएको छ ।




सन्धिखर्क नगरपालिका वडा नं. ७ फर्ज्याङ्ग, वडा नं ८ किमडाँडा र वडा नं ११ डिभर्नाको स्वास्थ्यचौकी भवन निर्माण सम्झौता मितिभन्दा पाँच महिनाअघि नै सम्पन्न भएका छन् । पन्ध्र महिनामा सम्पन्न गर्ने काम छिटो र छरितो गरी १० महिनामै सम्पन्न भएका हुन् । प्रतिभा/खनाल ब्रदर्स/सम्झना जेभीले तीन वडामा स्वास्थ्यचौकी भवन निर्माण २०८१ साल जेठ ७ गतेसम्म सम्पन्न गर्न सन्धिखर्क नगरपालिकामा सम्झौता गरेको थियो । स्वास्थ्य चौकी भवन निर्माण पाँच महिनाअघि नै सम्पन्न भइसकेको सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए ।

सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भुसालले २०७९ फागुन ८ गते प्रतिभा/खनाल ब्रदर्स/सम्झना जेभीलाई १५ महिनामा काम सम्पन्न गर्नेगरी कार्यादेश दिएको र सोभन्दा चाँडै सम्पन्न गरेको निर्माण व्यवसायी कविराम खनालले बताए । तीनवटा स्वास्थ्यचौकी भवन निर्माण गर्न मूल्य अभिवृद्धि करसहित पाँच करोड ७६ लाख ३९ हजार ६ सय ४ पैसा ४० मा निर्माण व्यवसायीले सम्झौता गरेको र सम्झौताअनुसारको काम सम्पन्न गरेर निर्माण व्यवसायीबाट भुक्तानीको लागि निवेदन पेस भइसकेको नगरपालिकाका योजना शाखा प्रमुख डिलकुमार केसी (दिलिप) ले जानकारी दिए । तीन वटै वडामा सुविधा सम्पन्न स्वास्थ्य चौकीभवन निर्माण भएपछि स्वास्थ्य सेवा प्रवाहमा सजिलो हुने भएको छ । संघीय सरकारबाट चालु आर्थिक वर्षका लागि विशेष अनुदान शीर्षकमा विनियोजित बजेट अपर्याप्त रहेकोले निर्माण सम्पन्न गरेर राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा थप बजेट माग्दा पनि निकासा नभएकोले निर्माण व्यवसायीलाई रकम भुक्तानी गर्न नसकिएको प्रमुख प्रशासकीय अधिकृत भुसालको भनाई छ ।

सन्धिखर्क नगरपालिकाकै चुत्राबेसी, भक्तिटोल, धरम्पानी, अर्घा मैदान सडक स्तरोन्नतीको कार्य २०८० साल माघ २६ गते सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यो काम पनि झण्डै एक महिना अघि सम्पन्न भएको छ । यो सडक निर्माणका लागि रायमाझी/जयमाता/खनाल ब्रदर्स जेभीले २०८० साल माघ २६ गतेसम्म काम सम्पन्न गर्ने गरी २०७८ साल फागुन ९ गते कार्य आदेश पाएको थियो । सडक निर्माणका लागि जेभीले मूल्य अभिबृद्धि करसहित छ करोड १९ लाख १७ हजार ८९९ पैसा ७४ मा सम्झौता गरेको थियो । यस्तै सन्धिखर्क ९ मा रहेको अर्घा भगवती आधारभूत विद्यालय भवन निर्माण पनि सम्झौता मिति भन्दा दुई महिना अघि सम्पन्न भएको छ । विद्यालय भवन निर्माण २०८० साल चैत ६ गतेसम्म सम्पन्न गर्ने गरी केसी, प्रतीक्षा सिर्जना जेभीले मूल्य अभिवृद्धि करसहित तीन करोड नौ लाख १४ हजार ६ सय ३८ पैसा ४१ मा ठेक्का सम्झौता गरेको थियो । विकास निर्माणलाई गुणस्तरीय बनाउन समय समयमा अनुगमन, मूल्याङ्कन, ल्याव टेस्ट लगायतका काम पनि नगरपालिकाका प्राविधिकको टोलीले गरेको थियो । कामलाई सही, राम्रो र गुणस्तरीय बनाउन तथा स्टमेट अनुसार काम गराउन नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठ, नगर उपप्रमुख मिश्रा आचार्य र प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसाल सहितको इन्जिनीयर तथा प्राविधिकको टोलीले अनुगमनलाई पनि निरन्तरता दिएका थिए । जसका कारण काम तोकिएको मितिभन्दा अगावै सम्पन्न हुन सफल भएका हुन् । अर्घाखाँचीमा विकास निर्माण तोकिएको समय भन्दा छिटो सम्पन्न गर्ने निर्माण व्यवसायी हुन् युवा व्यवसायी कबिराम खनाल । अर्घा भगवती विमानस्थलको निर्माणमा तोकिएको मिति भन्दा छिटो काम सम्पन्न गरेर उनले पुरस्कार पनि प्राप्त गरे ।

## तानसेन-रानीमहल र आर्यभञ्ज्याङ्-रामपुर सडक माघ १७ देखि बन्द हुने



**पाल्पा,** माघ १२/जिल्लाका दुई मुख्य सडक खण्ड माघ १७ गतेदेखि बन्द हुने भएका छन् । यहाँका तानसेन-रानीमहल र आर्यभञ्ज्याङ्ग-रामपुर सडक निश्चित समयका लागि बन्द हुने भएका हुन् ।

सडकको ढलान, मर्मत र स्तरोन्नतीको कार्य गर्न यी दुई सडक बन्द गरिने भएको हो । शुक्रबार जिल्ला प्रशासन कार्यालय पाल्पामा प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेको अध्यक्षतामा बसेको सडक सुरक्षा समितिको बैंठकले निर्माण व्यवसायीबाट निर्माण कार्यका लागि सडक बन्द गरेर सहज गरिदिन आग्रह गरे बमोजिम दुवै सडक खण्ड निश्चित समयका लागि बन्द गर्ने निर्णय गरेको छ । बैंठकले तानसेन-रानीमहल सडक खण्ड अन्तर्गत अवल-रानीमहल खण्डमा सडक ढलान तथा मर्मत कार्यका लागि २०८० माघ १७ गतेदेखि २०८० चैत्र ५ गतेसम्मका लागि पूर्ण रुपमा २४ सै घण्टा सडक बन्द गर्ने बताएको छ । निर्माण व्यवसायी गह्रौकाली कन्स्ट्रसन प्रालिले निर्माण कार्य गरिरहेको सो क्षेत्रमा सडक अत्यन्तै साघुँरो रहेकाले ढलान तथा मर्मत कार्य गर्दा सवारी आवतजावत गर्न जोखिम हुने भएकाले सवारी आवागमन बन्द गरी कार्य गर्नका लागि सहजीकरण गर्न सडक पूर्वाधार विकास कार्यालय, पाल्पालाई आग्रह गरेको थियो ।

(...बाँकी अन्तिम पेजमा)

## पाल्पामा दुर्घटना रोक्न 'सडक स्वास्थ्य सहायता कक्ष' स्थापना गरिदैं

भरत शर्मा

**पाल्पा,** माघ १२/सडकमा हुने बढ्दो सवारी दुर्घटनालाई मध्यनजर गर्दै पाल्पामा 'सडक स्वास्थ्य सहायता कक्ष' स्थापना गरिने भएको छ । चालक, सहचालक र यात्रुको शारिरिक अस्वास्थताका कारण समेत दुर्घटना बढ्ने भएकाले लुम्बिनी प्रदेश सरकारको सहयोगमा पाल्पाका विभिन्न क्षेत्रमा सडक स्वास्थ्य सहायता कक्ष स्थापना गरिने भएको हो ।



दिनानुदिन सवारीसाधन दुर्घटना बढ्न थालेपछि सरोकारवाला निकायले दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सचेतना अभियानका रुपमा स्वास्थ्य सहायता कक्ष सञ्चालन गर्न लागेका हुन् । अभियानअन्तर्गत सवारी चालकदेखि यात्रुसम्मको स्वास्थ्य परीक्षण गरिनुको साथै सचेतना जगाईने छ । सडक दुर्घटनाबाट धेरै यात्रुले अकालमा ज्यान गुमाउनुका साथै घाइते भई अंगभंग हुनु परेको छ । जसलाई रोक्नका लागि चालक र यात्रुलाई दुर्घटना बारे सचेत गराउन सहायता कक्ष सञ्चालन गर्न लागिएको जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले जनाएको छ । सहायता कक्ष तानसेनको बसपार्क, रामपुरको बेझाड बजार, तिनाउ गाउँपालिकाको दोभानमा स्थापना गरी सेवा दिइने स्वास्थ्य कार्यालयका प्रमुख डा.राजेन्द्र गिरीले तानसेनमा आयोजित सरोकारवालाहरुको अभिमुखीकरण कार्यक्रममा बताए । उनका अनुसार प्रदेश सरकारको सहयोगमा पाल्पासहित रुपन्देही र बाँकेमा पनि सडक स्वास्थ्य सहायता कक्ष स्थापना गरिने छ । स्वास्थ्य सहायता कक्षमा स्वास्थ्यकर्मीबाट चालक, सह-चालक, सहयोगी र यात्रुको स्वास्थ्य परीक्षण गरी आवश्यकता अनुसार औषधी प्रदान गरिने छ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## स्वस्थानी व्रतकथाको महिमा

यतिखेर श्रीस्वस्थानी व्रतकथाको मौसम चलेको छ । पौष शुक्ल पूणिर्मादेखि हातखुट्टाका नङ काटी 'शुद्ध चित्त'ले हजारौं नेपाली महिला कठोर व्रत बसिरहेका छन् । प्रत्येकजसो एफएम रेडियो स्टेसनले समेत आफ्ना नियमित कार्यक्रमको समय कटौती गरेर यो 'सिजन'मा स्वस्थानी व्रतकथा बजाइरहेका छन् । घर–घरमा स्वस्थानी माताको विधिपूर्वक पूजा–आराधना गरी एक महिना कथा वाचन गरी सुन्ने र सुनाउने गरिन्छ । हरेक वर्ष पौष शुक्ल पूर्णिमादेखि प्रारम्भ गरी माघ शुक्ल पूर्णिमासम्म स्वस्थानीको व्रत–पुजा गर्ने परम्परा रहिआएको छ । यस वर्षको स्वस्थानी व्रत बिहीबारदेखि सुरु भएको छ । नेपाली महिलाहरुले लिने व्रतभन्दा पनि अलि कठिन व्रतको रुपमा यसलाई लिइन्छ । थुप्रै धार्मिक र सामाजिक महत्व बोकेको यस स्वस्थानीको व्रत सत्य युगमा हिमालयकी छोरी पार्वतीले महादेव पति पाउ भनेर १ छाक खाएर निकै कस्टका साथ व्रत बसेको र व्रत पश्चात् आफ्नो मनोकामना पूरा भएको जनविश्वास पाइन्छ । साथै अर्को सामाजिक पाटोलाई हेर्ने हो भने गोमा ब्राह्मणीको कथाले प्राचिन समयमा पनि बालबालिकाहरुका नराम्रा असरहरु प्रस्तुत गर्दै बालबालिका बारे जनतचेतना फैलाएको छ । यसले संसारको श्रृष्टी अनि शिव पार्वती सम्बन्धका कुराहरु मार्फत धेरै ठाउँमा नारी पुरुषबीचको लैङ्गिक समानताको वकालत पनि गरेको छ । स्वस्थानीको कथा सन्देशमूलक, निकै रोचक र आकर्षकमात्रै नभएर अनेकौं देवीदेवताका लीलाहरुको रोमाञ्चक प्रसङ्गसमेत सुन्न पाइने भएकाले सबैलाई मन्त्रमुग्ध पार्ने गरेको पनि हो, जुन सुन्ने र सुनाउनेमाझ अत्यधिक लोकप्रियसमेत रहेको छ ।

वर्तमान सन्दर्भमा स्वस्थानीको व्रत र पूजा–आराधना असान्दर्भिक रहेको भन्दै व्यापक टीकाटिप्पणी र आलोचना पनि हुने गरेको पाइन्छ । विशेषगरी, महिलाहरुप्रति स्वस्थानी निकै असहिष्णु रहेको भनेर चर्चासमेत गरिएको छ । यद्यपि, त्यसरी हेर्नु एकाङ्गीजस्तो देखिन्छ । स्वस्थानी कथा पार्वतीले महादेव पति पाउन व्रत गरेकोसँग मात्रै सम्बन्धित रहेको छैन, यो त मानवमात्रले कहिल्यै अभिमान गर्न नहुने र कसैको अवहेलना गर्दा कुनै न कुनैरुपमा पाप फर्किनेजस्तो नैतिक शिक्षासँग पनि सम्बन्धित रहेको छ । कथामा आउने प्रमुख पात्रहरु चाहे दक्षप्रजापति हुन् या चन्द्रावती हुन्, उनीहरुको माध्यमबाट समाजलाई गतिलो पाठसमेत पढाइएको छ । यसर्थ स्वस्थानी व्रत कथाको महिमा अहिले पनि उत्तिकै सान्दर्भिक रहेको छ ।

### Opinion @ Social Network

मुर्ख त्यहि हुने गर्छ जो आफुले आफैलाई बदल्न नसकेर अरुलाई बदल्ने कोशिस गर्छ ।


*(अन्जु पाण्डेको फेसबुक स्टाटस https://www.facebook.com/Anju.Pandey)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नागरिकप्रति सरकारको दायित्व के ?



## नन्दलाल खरेल

***हाम्रो देशमा हरेकजसो राजनीतिक दलमा नेतालाई सर्वोपरि मान्ने प्रचलन छ । नेताले आफ्नो विचारलाई जबर्जस्त ढंगले अनुमोदन गराउने गर्छन् । कतिपय अवस्थामा आफ्नो विचार अनुमोदन भएन भने कुनै नेताले पार्टी नै छाडेको र अर्को त्यस्तै प्रकारको पार्टी खोलेको उदाहरण पनि देखिन्छ । राजनीति भनेको त्याग हो, व्यवसाय होइन, तर हामीकहाँ राजनीति कतिपय अवस्थामा सबैभन्दा ठूलो व्यवसाय समेत बनेको छ । सरकारले ल्याएका नीतिहरूमा आमजनताको चासो रहन्छ । सरकारले ल्याएका कतिपय नीति तथा कार्यक्रम अनुसन्धान, तयारी र छलफलबिनै पस्कने गरेको पाइन्छ । फलस्वरूप यस्ता योजना नागरिककेन्द्रित हुन सक्दैनन् ।***

नेपाली राजनीतिमा सधैँ चर्चा पाउने विषय हो, आजको आवश्यकता के हो ? यस सम्बन्धमा धेरैले भन्ने गर्छन्– सुशासन, लोकतन्त्रको सुदृढीकरण, आर्थिक विकास तथा सामाजिक न्याय । कतिपयको तर्क सुनिन्छ– राजनीतिक स्थायित्व, राजनीतिक नेतृत्वमा इमानदारिता, कर्मचारीतन्त्रमा सुधार । यस्तै, दलहरूले आजको आवश्यकतालाई फरक-फरक ढंगले औंल्याएका छन् : कसैले राजनीतिमा युवाको नेतृत्व त, कसैले राज्यको अभिभावक भूमिकामा राजाको नेतृत्व । कम्युनिस्ट पार्टीहरूमा कसैले लोकतन्त्र, कसैले जनवाद, कसैले समाजवाद हुँदै साम्यवादको कुरा गर्छन् । कतिपय बुद्धिजीवीले औद्योगिकीकरण, आधुनिक शिक्षा तथा विज्ञान, कला र साहित्यको बहस गर्छन् । यी सबै बहसमा आंशिक सत्यता त छ, हुन्छ पनि । यी सबैमध्ये पनि आजको आवश्यकता हो, 'नागरिक केन्द्रित राजनीति ।' नागरिक केन्द्रित राजनीतिको अभाव अहिले निकै खड्केको छ । नागरिक केन्द्रित राजनीतिको चर्चा गर्नुभन्दा पहिला राजनीति के हो भनी बुझ्नैपर्छ । राजनीति देशको सम्पूर्ण क्षेत्रको टाउको हो । राजनीति नीतिसँग जोडिन्छ । सबै नीतिहरूमा राजनीति उच्च नीति हो । नीतिबिना राजनीतिको परिकल्पना गर्न सकिँदैन । समग्र समाजको हितका लागि काम गर्न सक्ने मूल विधा नै राजनीति हो । यति मात्र होइन, राजनीतिबाहेक अरु कुनै पनि विद्याबाट समाजको सम्पूर्ण परिवर्तन सम्भव छैन । नेताबिना राजनीतिको परिकल्पना हुँदैन । यसर्थ नेता, नीति र राजनीति सँगसँगै आउने कुरा हुन् ।

राजनीति एक कला हो, एउटा विज्ञान पनि हो, तर राजनीतिलाई कतिपय नेताहरूको अदूरदर्शिता, अकर्मण्यता, अधिनायकवादी र फासीवादी चरित्रले फोहोरी बनाएको छ । दुःखका साथ भन्नुपर्छ, नेपाली राजनीतिलाई केही सीमित व्यक्तिद्वारा साम, दाम, दण्ड, भेद प्रयोग गरी आफ्नो स्वार्थका लागि मुठीमा कैद गरिएको छ । हाम्रो देशमा हरेकजसो राजनीतिक दलमा नेतालाई सर्वोपरि मान्ने प्रचलन छ । नेताले आफ्नो विचारलाई जबर्जस्त ढंगले अनुमोदन गराउने गर्छन् । कतिपय अवस्थामा आफ्नो विचार अनुमोदन भएन भने कुनै नेताले पार्टी नै छाडेको र अर्को त्यस्तै प्रकारको पार्टी खोलेको उदाहरण पनि देखिन्छ । राजनीति भनेको त्याग हो, व्यवसाय होइन, तर हामीकहाँ राजनीति कतिपय अवस्थामा सबैभन्दा ठूलो व्यवसाय समेत बनेको छ । सरकारले ल्याएका नीतिहरूमा आमजनताको चासो रहन्छ । सरकारले ल्याएका कतिपय नीति तथा कार्यक्रम अनुसन्धान, तयारी र छलफलबिनै पस्कने गरेको पाइन्छ । फलस्वरूप यस्ता योजना नागरिककेन्द्रित हुन सक्दैनन् । यो पङ्क्तिकारलाई सधैँ एउटै प्रश्नले पिरोलिरहेको छ– नेपाली राजनीतिक नदीमा कहिले सङ्लो पानी बग्ला ? नेपाली राजनीतिक नदीमा जसले सङ्लो पानी बगाउँछु भनेर विगतमा लागे, अझै पनि लागिरहेका छन्, तिनीहरूले नै त्यस नदीलाई फोहोर बनाइरहेका छन् । यसो हुँदा यहाँ सुशासनको नाममा कुशासन भएको छ । न्याय र समानताको नाममा अन्याय र असमानता बढेको छ । लोकतन्त्रका नाममा अलोकतान्त्रिक क्रियाकलापको बढोत्तरी भएको छ । राष्ट्रवादका नाममा अराष्ट्रवाद बढेको छ, अर्थात् अराष्ट्रवादी तत्त्वहरूको हालिमुहाली भएको छ । नागरिकप्रति सरकारको धेरै दायित्व हुन्छ । यी विषय हाम्रो संविधानमा उल्लेख छ नै । सबै क्षेत्रका नागरिकका लागि सरकारले आर्थिक लगानीको न्यायोचित वितरण गर्नुपर्ने दायित्व हुन्छ । जनताको शिक्षा, स्वास्थ्य, रोजगार, यातायात, आवासजस्ता कुरामा सरकारले ध्यान दिनुपर्छ । यद्यपि नागरिकहरूले यी सबै कुराको महशुस गर्न सकेका छैनन् । गरिबी, बेरोजगारी, असुरक्षित भविष्य, अवसरहरूको अभाव आदि कारण दिनहुँ हजारौं ऊर्जाशील युवा रोजगारी तथा उज्ज्वल भविष्यका लागि बिदेसिँदै छन् । रोजगारीका लागि दक्षिण कोरिया जाने परीक्षाको आवेदन दिन नपाएपछि गएको पुस १३ गते प्रदर्शनमा उत्रिएका युवामाथि प्रहरीले बल प्रयोग गर्दा दुई जनाको ज्यान गएको छ । युवा देश छोड्न खोज्दै थिए, तर देशको गृह सुरक्षाले संसार छाड्नुपर्ने बनाइदियो, यो अत्यन्त दुःखद हो । मुलुकले संघीय लोकतान्त्रिक शासन व्यवस्थाको डेढ दशक अघिदेखि अभ्यास गरिरहेको छ । अहिले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशको नेतृत्व गरिरहेका छन् । देशलाई समुन्नत बनाउने र लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाएर जनतामा विश्वास र भरोसा जगाउने उनीमाथि ठूलो अवसर छ । यसका लागि सरकारले सबै संयन्त्रलाई प्रयोग गरी नागरिकको दासत्वमाथि विशेष ढंगले गम्भीर हुनुपर्ने देखिन्छ । विगत एक वर्षको अवधिमा केही झिल्काहरू देखिए पनि ती प्रयासरत छैनन् । ललिता निवासको जग्गा, सुनकाण्ड, नेपाली नागरकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहको पर्दाफासदेखि प्रशासनिक र संस्थागत सुधारका दर्जनौं कामको थालनी प्रधानमन्त्री प्रचण्डले सुरुवात गरेका छन् । यसलाई आमनागरिकले सकारात्मक रूपमा लिएका छन् । अहिले केही व्यक्ति लोकतान्त्रिक व्यवस्था ठिक छैन भनेर सिधासाधा जनतालाई भड्काइरहेका छन् । संसारका धेरै देशमा स्वतन्त्रता प्राप्तिका निमित्त संघर्ष तथा आन्दोलन हुन्छ, तर हाम्रो देशमा पाइरहेको संघीय गणतन्त्रविरुद्ध प्रदर्शन हुन्छ । यो कस्तो विडम्बना हो ? संघीय लोकतान्त्रिक गणतन्त्र कसैको लहर र करबलमा थोपरिएको व्यवस्था होइन । जनताको लामो संघर्षको बलमा प्राप्त भएको व्यवस्था हो यो । नेपालको इतिहासमा दुई सय ३८ वर्ष राजतन्त्रले शासन गऱ्यो । त्यसबेला विकासको स्थिति कस्तो थियो ? स्वतन्त्रताको अवस्था कस्तो थियो ? जनताको क्रयशक्ति कस्तो थियो ? कति प्रतिशत जनता बिजुलीको उज्यालोमा बस्थे ? गाउँघरमा कति विद्यालय खोलिएका थिए ? कतिवटा विश्वविद्यालय थिए त्यस बेला ? स्थानीय निकायमा कति बजेट हुन्थ्यो ? यी सबै प्रश्नको उत्तर खोज्न आवश्यक छ । मानौँ राजतन्त्र आयो, के देशमा सबैले रोजगार पाउँछन् ? सुशासन कायम भइहाल्छ ? विकासले फड्को मारिहाल्छ ? सबैको ऋण मिनाहा भइहाल्छ ? यी सबै भ्रम हुन् । यस्ता भ्रमको पछि लाग्नु हुँदैन । हो, मुलुकमा थुप्रै विकृति, विसंगति, भ्रष्टाचार र अपराध बढेको छ । यो गणतन्त्रका कारण बढेको होइन । सामन्तवादका अवशेषका कारणले बढेको हो । बिस्तारै सबै ठिक हुँदै जान्छ । त्यसका लागि राज्य सञ्चालकदेखि सबै क्षेत्रमा इमानदारिता आवश्यक हुन्छ । राज्यका नागरिकलाई सरकारले स्वस्थ बनाउन विशेष भूमिका खेल्नुपर्छ । स्वस्थ नागरिक भए मात्र मुलुकको समृद्धि सम्भव छ । अस्वस्थ नागरिकले चाहेर पनि मुलुकलाई समृद्ध बनाउनमा योगदान पुऱ्याउन सक्दैन । संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकको व्यवस्था त गरेको छ, तर त्यसको कार्यान्वयन जुन गतिमा हुनुपर्ने हो, त्यो हुन सकेको छैन । स्वास्थ्य क्षेत्र निजीको हातमा बढी गएको छ । स्वास्थ्य क्षेत्रलाई सरकारले विशेष रूपमा बजेट विनियोजन गरी नागरिकको स्वास्थ्य सेवामा विशेष ध्यान पुग्न जरुरी छ ।

सडक र कृषि क्षेत्रको विकास गरी आम नागरिकका अवस्थामा सुधार गर्नु राज्यको दायित्व हो । अहिले पनि ५७ प्रतिशत जनता कृषिमा आबद्ध छन् । यद्यपि कृषि उत्पादनले हाम्रो आन्तरिक आवश्यकता पूरा गर्न सकेको छैन । वार्षिक तीन खर्ब रकम अहिले पनि हामीले कृषिजन्य वस्तु (फलफूल, माछामासु, तेल तथा घिउ आदि) आयात गरी सिध्याएका छौँ । कतिपय हाम्रो उत्पादन सडकको अभावले बजारमा पुऱ्याउन नसकी खेर फाल्नुपर्ने अवस्था छ । सडकको विस्तार गर्ने हो भने कृषि उत्पादन बढाई बजारीकरण गरी आम्दानी गर्न सकिन्छ । जबसम्म सडकको विकास हुँदैन, तबसम्म कृषि तथा औद्योगिक क्षेत्रको विकास हुँदैन । नागरिकको स्थितिमा सुधार गर्न यो क्षेत्रको विकास गर्नु राज्यको प्रमुख दायित्व रहन्छ । देशका नागरिकको स्थितिमा सुधार गर्न ऊर्जा क्षेत्रको विकास अपरिहार्य छ । ऊर्जाबिना न कलकारखाना चल्छ, न त कृषिको विकास, न त पर्यटन क्षेत्रको विकास । मुलुकले बगिरहेको पानी सदुपयोग गरेर खर्बौं रुपैयाँ भित्र्याउन सक्छ । देशमा विद्युत उत्पादन सुरु भएको सय वर्षभन्दा बढी भइसक्यो, तर अहिलेसम्म २८ सय मेगावाट मात्र विद्युत उत्पादन भएको छ । अबको एक दशकमै २८ हजार मेगावाटभन्दा बढी विद्युत उत्पादन हुने सरकारी दाबी छ । त्यसका लागि सरकारले सबै संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्छ । निर्माण क्षेत्रमा हुने अवरोध लगानीको सुनिश्चितता र नीतिगत सुधारमा सरकारले विशेष ध्यान दिन अपरिहार्य छ । अन्त्यमा अबको राजनीति नागरिककेन्द्रित अर्थात् नागरिकको अवस्थामा सुधार गर्नेतर्फ हुनुपर्छ । हिजो केन्द्रीकृत शासन व्यवस्था थियो, राज्यका स्रोत-साधन निश्चित वर्गका मानिसले निश्चित क्षेत्रको विकासका लागि मात्र खर्चेका थिए । त्यसैले केन्द्रीकृत शासन व्यवस्थाको अन्त्य गरी संघीय शासन व्यवस्था अपनाइयो । अहिले तीनै तह सरकारले आ-आफ्नो सरकार सञ्चालन गर्नका लागि बजेट बनाई विनियोजन गरेका छन् । मुलुकका सम्पूर्ण नागरिकका लागि तीनवटै सरकारले आ-आफ्नो दायित्व पूरा गर्नुपर्छ । संघीयताको सफल कार्यान्वयनले मात्र मुलुकका नागरिकको सर्वाङ्गीण विकास सम्भव हुन्छ ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पाः०७५–५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यवसायिक क्षेत्रबाट लाभ हुनेछ । धनसञ्चयको अवसर प्राप्त हुनेछ । | **तुला** : जिम्मेवारी वहन गर्ने समय आएको छ । विशेष सफलता हात लाग्नेछ । |
| **वृष** : आफन्त तथा मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । | **वृश्चिक** : व्यस्त रहन पर्नसक्छ । प्रेमी/प्रेमिकाकाबिच खिन्नता बढ्नेछ । |
| **मिथुन** : रोकिएका काम सुरु हुन सक्छ। महत्वपूर्ण क्षेत्रमा भ्रमण हुनसक्छ । | **धनु** : फाइदा हुने समय छ । विपरीत वर्गप्रति आकर्षण बढ्न सक्छ । |
| **कर्कट** : काम बिगार्ने अगाडि बढ्न सक्छन् । दौडधूप गर्नुपर्ने हुन सक्छ । | **मकर** : कसैलाई परदेशी घर फर्कने र रमाइलो वातावरण छाउनेछ । |
| **सिंह** : सजिलै अरूको मन जित्न सकिने छ । कामा सफलता हात पर्नेछ । | **कुम्भ** : यात्रा गर्ने अवसर जुट्न सक्छ । वाणीमा कुशलता आउने योग छ । |
| **कन्या** : लगानीको समय छ । आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्नेछ । | **मीन** : वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ। |

# साहित्य दर्पण

समीक्षा — पुष्कर अथक रेग्मी

## गायत्री मन्त्रको सार : गायत्री गंगा



*ॐभूर्भुव :स्व :तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो न: प्रचोदयात*

(त्यो प्राणस्वरुप, दुखनाशक, सुखस्वरुप, श्रेष्ठ, तेजस्वी, पापनाशक, देवस्वरुप, परमात्मालाई हामी आफ्नो अन्तर आत्मामा धारण गरौ त्यो परमात्माले हाम्रो बुद्धिलाई सत्यमार्गमा लाग्ने प्रेरणा गरोस्)

पाल्पा तानसेन कैलासनगर निवासी माता तेजकुमारी श्रेष्ठ र पिता जुठेलाल श्रेष्ठको सुपुत्र अमृतलाल श्रेष्ठको जन्म वि.स १९९८ असार ५गते भएको हो । नेपाल राष्ट्र बैंक र राष्ट्रिय बाणिज्य बैंकमा ३० सेवा गरी आठौ तह प्रबन्धकबाट सेवानिवृत हुनु भएका श्रेष्ठज्यू बुटवल उपमहानगरपालिका वडा न. ४ मंगलापथ, रुपन्देहीमा बसोबास गरी विश्व हिन्दु महासंघं रुपन्देहीको सल्लाहकार र गायत्री परिवार (गायत्री मन्दिर) बुटवलको संस्थापक अध्यक्ष भई हाल संरक्षकको रुपमा प्रतिष्ठापित रहनु भएको छ । सेवानिवृत जीवनमा गायत्री मन्त्रवाट प्रभावित भई माता गायत्रीको साधनाद्धारा आफ्नो जीवन रुपान्तरण गर्नु भएका अमृतलाल श्रेष्ठद्वारा लिखित पुस्तकको नाम हो ।

'गायत्री गंगा' हिन्दु संस्कृतिमा गायत्री, गाई, गीता र गंगालाई चार माता मानिएको छ । गायत्रीलाई आदि शक्ति माता, गाईलाई कामधेनु माता, गीतालाई सद्ज्ञानी माता र गंगालाई पवित्र जलमाता मानिएको छ । वेदमाता र विश्वमाताको रुपमा मानिएकी गायत्री माता अर्थात गायत्री मन्त्रको महिमालाई सरल र सहज रुपमा व्यापिकरण गर्नाका लागि गायत्री मन्त्रका साधक अमृतलाल श्रेष्ठले कृतिभित्र ४३ वटा शिर्षकमा महत्वपूर्ण लेखहरु सभाविष्ट गर्नु भएको छ । सुन्दर सुखी बन्ने छ जीवन गायत्रीको जप गर, वेदमूर्ति तपोनिष्ट प.श्रीरामशर्मा आचार्यको संक्षिप्त परिचय, गायत्रीका चौविस देवता, गायत्री महाशक्ति, गायत्री मन्त्र : एक दैवी महाविज्ञान, युग परिवर्तनको आधार विचार क्रान्ति अभियान, संद्बुद्धिकी देवी गायत्री, गायत्री एउटा प्रचण्ड शक्तिको नाम हो । गायत्रीको मुर्तिमान प्रतिमा यज्ञोपवीत र शिखा, गायत्री सार्वभौम मन्त्र हो, गायत्री नै तप हो गायत्री नै योग हो, ब्रह्मब्रह्मी महाशक्ति गायत्री, युगशक्ति गायत्रीको अवतरण अनिवार्य, सर्वश्रेष्ठ आधार गायत्री मन्त्र, गायत्री उपासनाद्धारा ऋतम्भरा प्रज्ञाको विकास, गायत्रीबाट प्रेरणा र शिक्षा, गायत्री गाई गीता र गंगा, गायत्री र यज्ञको महिमा, गायत्री साधनाबाट सफलता, गायत्रीको एक मुख र पाँचमुख, गायत्री महाशक्तिको महिमा, गायत्री शक्ति के हा, वेदमाता गायत्रीको अनिवार्य अवतरण, गायत्री महामन्त्र मानव कल्याण गर्ने अमृत कुम्भ, गायत्री माता (यज्ञ पिता, गायत्री (अमृत पारस र कल्यवृक्ष, गायत्री उपासना हरेक व्यक्तिको लागि अनिवार्य छ, गायत्री साधनाबाट सिद्धि हिन्दु धर्मको सर्वश्रेष्ठ




आधार गायत्री मन्त्र, नारी (स्त्री) हरुको गायत्री अधिकार, नारीहरुका लागि गायत्री साधना, प्राकृतिक पुनरावृति र गायत्री, गायत्री परब्रह्म स्वरुप, गायत्री मन्त्रबाट दु:ख निवारण, गायत्री यज्ञ र यसका फाईदा, गायत्री मन्त्रको साधना गर्नाले देखापर्ने मुख्य लक्षणहरु, वेदमाता देवमाता विश्वमाता, युग परिवर्तनमा गायत्रीको महत्व, गायत्री मंत्र जप र यसका फाईदाहरु, गायत्री मन्त्र जपको महिमा शीर्षकमा गायत्रीको सारकेन्द्रित लेखहरु सार्वजनिक गरिएका छन् । उल्लेखित प्रत्येक लेखको शीर्षकलेनै गायत्रीको वैशिष्यता झल्काएको छ र अझ (लेखभित्रको गहिराईमा पुग्ने हो भने गायत्रीको त्यो शक्तिले पाठकलाई परमात्माको सान्निध्यतामै पुऱ्याएको भान हुन्छ । ज्ञान चार प्रकारको हुन्छ ( ऋक, यजु, साम र अथर्व । जस्को आधारमा ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद बनेको छ । ऋग्वेद भित्र कल्याण र सत्यका तथ्यहरु, यजुर्वेद भित्र पराकम र पद प्रतिष्ठाका विषयवस्तुहरु, सामवेदमा मनोरन्जन र तृप्तिहरु तथा अयर्ववेदमा धन वैभव सुख साधनका सामग्रीहरु पर्दछन् । यी सबै कुराहरु उदाहरण सहित सरल भाषामा कृतिभित्र उल्लेख गरिएको छ ।

गायत्री मन्त्रमा २४ अक्षरहरु रहेका छन् । गायत्री मन्त्र मन्त्रहरुको राजमन्त्र हो । यो मन्त्रभित्र २४ महान महर्षिहरुको तप शक्ति समाहित छ । गायत्री मन्त्रको २४ अक्षरमा अग्नि, प्रजापति, चन्द्रमा, ईशान, सविता, आद्दित्य, वृहस्पति, मित्रावरुण, विश्वदेवा, मातृकाय, विष्णु, बसु, रुद्र, कुवेर र अश्विनीकुमार गरी २४ देवताहरुको वरदान मिलेको छ । यसरी नै गायत्री मन्त्रभित्र २४ देवीहरुको समेत शक्ति समायोजन भएको छ । यसैगरी मन्त्रभित्र २४ मुद्रा, २४ रंग, २४ तत्वको समिश्रण रहेको छ । जस्ले गर्दा मन्त्रोच्चारणको समयमा मानव शरीर भित्रका २४ ग्रन्थिहरुलाई भाइब्रेट अर्थात सञ्चालन गरिदिने गदेछन् । अत: गायत्री मन्त्र जप गर्नेले २४ महाशक्तिको साधना गरेको हुन्छ । जसले गर्दा सकारात्मक सोच उत्पन्न हुन गई सत्यम शिवम् सुन्दरमको आगमन हुन्छ । यसैले गायत्रीलाई पाप नाशिनी, दु:ख नाशिनी, मोक्षदायनी, कल्याणकारीनी सुख शान्तिदायनी भनिएको हो ।

मातृभाषा नेपाल (नेवार) भएका र लामो समयसम्म राष्ट्रसेवकको रुपमानै उमेर बिताउनुभएका अमृतताल श्रेष्ठले जीवनको उतरार्द्धहमा संस्कृत, वेद र गायत्री मन्त्रको गुण विशेषताको गहन अध्ययन गरी निकालिएको अमृत जस्तै गायत्रीको सारलाई अमूल्य रुपमा सबैका लागि सहज किसिमले रस्वादन गरी ग्रहण गर्न सक्ने खुराक कृति 'गायत्री गंगा' पस्कनु भएको छ । डा.प्रणय पण्डया, डा. बाबुराम ज्ञवाली, डा.हिरण्य ज्ञवाली, समाजसेवी महेश्वरप्रसाद श्रेष्ठ र साहित्यकार कृष्णप्रसाद कोइरालाको महनीय शुभकामना सहित लेखकीय नम्र निवेदना रहेको कृति २०७६, २०७९ र २०८० आषाढमा गरी ३ पटक सम्मको संस्करण प्रकाशन भरबापत पनि कृतिको उपादेयता बढ्दो महत्वको रहेको छ ।

कृति सनातन वैदिक संस्कृतिको पुर्नजागरण सहित युग परिवर्तनका लागि संदेशमुलक रहेको छ । गायत्री मन्त्र पुरुष र महिला दुवैले ढुक्कसंग जप गर्न हुने विश्वास जगाएको छ । गायत्री एक अमोध मन्त्र भएकोले स्तुति, ध्यान र बन्दना तीनवटै कार्य गर्न सकिने भएको छ । गायत्रीको सारतत्व र मन्त्रको महिमा बुझ्न र बुझाउन चाहनेहरुका लागि कृति नेपाली भाषा साहित्यको एक महत्वपूर्ण सामग्रीको रुपमा रहेको छ । गायत्री मन्त्रको अर्थ शक्ति र प्रयोग जान्नको लागि यो कृति सुत्रको रुपमा रहेको छ । वेदको सार र गायत्री महीमा सर्वसाधारण समक्ष सजिलै पुगोस् भन्ने अभिप्रायले लेखिएको कृति हरेक विद्यालय, शिक्षालय, पुस्तकालय, धार्मिक संघ सस्था एवं वैदिक चिन्तक, अध्यता र पाठकवर्ग समक्ष पुऱ्याउन सकिएको खण्डमा सर्वजन् हिताए हुने छ र वैदिक सनातन धर्मप्रति अगाथं श्रद्धाभाव सहित सहयोग र समर्थन पाप्त हुनेछ । गायत्रीका परम उपासक अमृतलाल श्रेष्ठज्यूप्रति कृतिगत सफलताको शुभकामना सहित सुदीर्घजीवनको प्रार्थना गर्दछु ।

कथा — जगन्नाथ पन्त

## अयोध्या र लंकाको सम्बन्ध, रामको वंशावली : हजुरबाको मुखारविन्दबाट



अस्तिको रामराज्य कथा रोचक लाग्यो हजुरबा । त्यो कथा सुनेदेखि मनमा थप जिज्ञासा पलायो ठूली नातिनीले हजुरबाको ज्ञानको प्रशंसा गरिन् । रामलाई रघुवंशी किन भनिएको हो ? अयोध्या राज्य कसले स्थापना गरेका थिए ? लंका कसरी सम्बृध्द भए होला ? राम र रावण समवयी हुन कि फरक थिए ? सुन्नाको जो ईच्छा जाग्रित भयो हजुरबा । हेर नानी म कुनै ज्ञानी, शास्त्र, पुराणको अध्येता होइन । मैले भनेकै कथा अकाट्य पनि होइन । जे जति सुन्दै आए त्यही तिमीहरुलाई भन्ने गरेको छु । सुन्नको चाहाना राख्यौ, तिमीहरु जस्ता जिज्ञासु नातिनातीना संगसंगै बस्न पाउनु मेरो अहो ! भाग्य रहेछ । मेरो अरु इलम पनि त छैन, ल सुन भन्दै हजुरबाले आज पनि कथा भन्न शुरु गर्नुभयो ।

त्रेता युगमा भगवान अवतार लिएका श्रीराचन्द्र मनुष्य जुनीका हिसावले ईच्छव राजाका ३५ औं पुस्ता हुन् । उनै ईच्छ्वले अयोध्यालाई राजधानी बनाएका हुन् । वडा महाराजाधिराज पृथ्वी नारायण शाहले काठमाडौंलाई राजधानी र गोरखाका हुँदा हुँदै देशको नाम गोरखा नराखेर नेपाल राखे जस्तै भन्ने बुझ । सृष्टिकर्ता ब्रह्माजीका छोरा मरिच, मरिचका छोरा कस्यप, त्यस पछि विस्वान अनि व्यवस्थमनु भए । व्यवस्थमनुका १० वटा छोराहरु मध्ये जेठा छोरा थिए ईच्छव । हामी सबै पनि मनुकै पिडी परपिडी नै हौ भन्ने भनाइ छ । राजा रघु ईच्छवका २५ औं पिडी मानिन्छ । रघु पिडीपछि १०औं पुस्ता हुन् राम । रघु पनि वडा प्रतापी थिए । उनि वचन पालनामा अडिग थिए । अहिलेका शासकले जस्तो झुठा आश्वासन दिदैनथे । दिएका आश्वासन वा वचन प्राण जत्तिकै थियो उनका लागि । बाल्मिकी रामायणमा रामको वंश र महिमा वर्णन गरिएको छ । कुलरित सदा चलिआई प्राण जाय पर वचन नजाइ भन्ने भनाइ उनै रघुको हो । आज पनि कसैलाई विस्वस्त तुल्याउन प्राण जाला तर वचन खेर जान्न भन्ने गर्छन नि, उनैबाट सिकेर हो । राम पनि रघु जस्तै वचनमा पक्का भएकाले रघु वंशी भनिएको हो । अहिलेको भारतको पम्पावनदेखि श्रीलंकाको केतुस्वरमको जलस्थल दुरी ३५ किलो मिटर छ । रामेस्वर-धनुषकोडी हुँदै पम्पावन पुगिन्छ । पम्पावनदेखि लंकाको बिचमा समुन्द्र छ, जहाँ ८ वटा दिपहरु अर्थात टापु छन् । रामका सैनिकलाई लंका तर्न भनि तिनै टापुलाई पिलर बनाएर नल र नीलले पुल अर्थात सेतु निर्माण गरेका थिए । उक्त सेतु १०० योजन लामो र १० योजन चौढा थियो । रामेस्वरम् जसलाई हिन्दूहरुको चारधाम मध्येको एक तिर्थस्थल मानिन्छ । श्रीरामले स्थापना गरेका हुँदा रामेस्वरम् भनियो । पारी लंकामा पनि केतुस्वरम् छ । जुन शिवको मन्दिर हो, जहाँ रावणले शिवको आराधना गर्दथे । लंका राज्य अत्यन्तै वैभवले पूर्ण थियो । लंकाको दरवार सुनै सुनले बनाइएको थियो । अनेकौ मणि रत्नहरुले सुसज्जित थियो । लंकामा सुन छ, मेरो कान बुच्चै भन्ने कथन बुढा पुराना महिलाले त्यसैबाटट सिकेका हुन् । धन दौलतका देवता कुबेरले विस्वकर्मा देवतालाई आग्रह गरेर आफ्नो लागि निर्माण गरेको नगर हो लंका । रावण र कुबेर सौतेला भाइ भाइ हुन् । वलशाली रावणले सौतेला भाईबाट हडपेर लंका नगरी आफ्नो अधिन बनाएका हुन् । कुबेरले निर्माण गरेको नगर भएकाले लंका नगर संबृद्ध थियो । लंका नगरभित्र नुवाराक्षेत्र पनि छ । नुवारा भनेको पुष्प अर्थात फूल हो । त्यस ठाउँलाई पुष्प बाटिका पनि भनिन्छ । जहाँका फलफूलहरुको बगैचा हनुमानले उखलेर नोक्सान गरी दिएका थिए । नुवाराक्षेत्रमा अशोक बाटिका सबैभन्दा सुन्दर थियो । रावणले सीतालाई अशोक बाटिकामा राखेका थिए । अशोक बाटिका भएको ठाउँमा अहिले सीतामाताको मन्दिर छ । हामीहरुको वंशावली जस्तै रामको पनि वंशावली छ । मनुष्य जुनि लिएकाले वंशावली हुने नै भयो । अघि मैले ईच्छ्व सम्म भने थे । अब त्यस पछिका भन्छु सुन । म नाम भन्दै जान्छु एक पछि अर्का क्रमश हुन भन्नेर बुझ्नु । ईच्छव, कुच्छ, विकक्ष, तनयवाड, अनरण्य, पृथ्यू, त्रिसंस, धुन्धुमार्ग, मान्धाता, सुसन्धी, द्रोवसन्धी र प्रशन्जती, भरत, असिद, सगर, असमञ्जस, अंशुमान, दिलीप, भगिरथ, काकस्त, रघु, प्रबर्द, शंखड, सुदर्शन, अग्नीवाण, शिघ्रग, मरु, प्रश्रुशक, अमरिश, नहूश, ययाति, नभाक, अज, दशरथ त्यसपछि राम । द्रोवसन्धीका पुत्र थिए भरत । अघि भनेको सम्झेका छौ नि नामहरु हजुरबा बीचमा भन्न बिसाउनु भयो । एक गिलास मोही पिउनु भयो अनि मुख पछ्दै कथा अगाडि बढाउनु भयो । रामायण कथा नै १४ वटा छन् । रामावतर हुनु पहिले नै बाल्मिकीले रचेको बाल्मिकी रामायण, तुलसी दासको राम चरित मानस र नेपाली भएको नाताले भानु भक्त रामायण एक पटक पढ्नु अनि मैले भनेको कथा बिस्तृतमा पाउने छौ । गीति लयमा सरल रुपमा रामायण लेखेको भएर भानुभक्तले आदि कविको उपाधी पाएका हुन् है । बाल्मिकी पहिले रत्नाकर नामका खतरनाक डाकु थिए । एक दिन महाऋषी नारद जंगलको बाटो हिड्दै गर्दा उनले लगाएका आभुषण रत्नाकरले लुट्न लागे । तिमी यो पापकर्म किन गर्दैछौ भनेर नारदले प्रश्न गरे, परिवार पाल्न भनेर डाकुले भने । अनि नारदले थप सोधे के तिम्रो पापको भागिदार तिम्रा घरका बाउआमा, पत्नी हुन्छन् ? अवस्य छन् भनेर दिएको उत्तरमा तिमी भ्रममा छौं, घर गएर सोधेर आउ, यदि उनिहरु पापको भागिदार छन् भने तिमी मलाई लुट नत्र नलुट भनि सम्झाए । भागेर नजाउन भनेर नारदलाई रुखमा बाधेर घर पुगेर सोधे बा, आमा, पत्नीलाई क्रमश तर सबैले अरुले अरु काम गरेर पनि परिवारजन पालेका छन्, तिम्रो कर्तव्य हो हामीलाई पाल्ने, हामी तिम्रो पाप किन जिम्मा लिने, लिदैनौ भनेर जवाफ दिए । डाकु फनक्क फर्केर नारदलाई बांधेको ठाऊमा गए, बन्धन फुकाए र माफी मागे । अहिलेदेखि डाकु काम छोड्छु, आज सम्मको पापबाट मलाई मुक्त हुने उपाए सिकाउनु भनेर नारदलाई प्रणाम गरे । एउटा मन्त्र दिन्छु जपेर बस, म नआउदासम्म भनेर राम सजिलो मन्त्र दिए। तर धेरै पाप गरेकाले राम पनि भन्न नसकेर मरा मात्र निस्कियो मुखबाट । मरा मरा मराम रामरा हुँदै गयो र राम राम भन्न सकेछन् ५ वर्ष पछि । १० वर्ष भएछ नारदले झल्यास् सम्झेछन् डाकुलाई म नआउँदा सम्म मन्त्र जप भनेथे, पर्खेर बसेको होला भन्दै जाँदा त एकदम आनन्द विभोरका साथ राम राम भनेर जपेको पाए । अचम्भित र खुसी हुँदै नारदले रत्नाकारलाई जगाए, आलिंगन गरे, तिमी पापबाट मुक्त भयौ भनि सुनाए । त्रेता युग आउदै छ, रामावतार हुदैछ, रामको गाथा ग्रन्थ रामायण लेख्नु भनि संक्षेपमा रामावतारमा हुने घटना सुनाएर नारद आफ्नो बाटो लागे । यसरी डाकुबाट सन्त बनेका बाल्मिकीले रचना गरेको रामायण नै पहिलो रामायण हो । उनै बाल्मिकी ऋषीको आश्रममा सीताले लबलाई जन्म दिएकी र लब र कुशलाई हुर्काएकी हुन् । नवलपरासी गण्डक नहरको पुल तरेर भारत हुदै नेपालको भूमिमा रहेको बाल्मिकी आश्रममा पुगिन्छ । जुन आश्रम नारायणी नदीको तटमा छ । त्यहाँ पुगेमा सबै स्पष्ट हुन्छ । सीतामाताबाट लबको जन्म भएको ३ महिना पछि जतिको घटना होला, लबलाई हेर्नु है भन्दै बाल्मिकीलाई अनुरोध गरेर सीतामाता पानी लिन पधेरामा जान हिड्नु भो तर ऋषी ध्यानमा बसे भने बिर्सन्छन्, भो संगै लग्छु भनेर लबलाई संगै लैजानु भयो । सीताले अनुमान गरेझै ऋषी ध्यान बसेछन् । पछि हेर्दा झुलन खालिछ । लौ बित्यास भयो, अब सीताले के भन्लिन्, के गरु कसो गरु, यताउती कतै पाएनन् । पक्कै बाघले लग्यो भन्ने ठाने । अनि कमण्डलुवाट जल मन्त्रे, कुश समाएर कुश पनि मन्त्रे अनि मन्त्रसाधनाले लबजस्तै दुरुस्त बालक प्रकट गराए । झुलनमा राखेर हल्लाउन थाले, तत्क्षण सीतामाता पनि टुप्लुक्क पुग्नुभयो । आश्चर्य भयो । लबकुशको कथा लामै छ । अहिलेलाई यत्ति बुझ केटाकेटी । अयोध्याका राजा अनरण्य जीउदै स्वर्ग जादै थिए, रावणले उनलाई मार्गमै हत्या गरिदिए । अनि अनरण्यले रावणलाई सराप दिए । हाम्रो ३५ औं पुस्ताले तलाई मार्ने छन् भनेर । वासुदेव र देवकीका आठौं गर्भवाट तिम्रो नास हुनेछ भनेर कंशलाई आकाशवाणी भए जस्तै । त्यसैले रामले त्रेता युगमा जन्म लिन पर्यो । पछि द्वापरमा कृष्णले जस्तै । कुनै विद्वानले भन्छन नि द्वापर पछि त्रेता हुनु पर्ने किन त्रेता पछि द्वापर भयो भनेर, उत्तर यसैमा छ । नानी हो हजुरबाले एकएक गरी केटाकेटीको नाम लिनु भयो नउघाउन र राम्ररी सुनुन् भनेर । राम त्रेता युगमा थिए । अस्तिको रामराज्य कथामा पनि मैले भनेथे रामले १२ हजार वर्ष राजा भएर राज गरे थे भनेर । रामका पीता दशरथ ६० हजार वर्ष जीवित रहे । अब तिमीहरुलाई अचम्म लाग्ला अनरण्य जसले रावणलाई सराप दिए । उनि छदै रावण थिए भनेपछि रावण कति वर्ष जीवित रहे होलान भनेर । रावणको आयु चतुर्युग वरावर अर्थात १ करोड २५ हजार वर्ष थियो रे भन्ने भनाइ छ । यो सुनेर नातिनातीनाहरुले लामो सास ताने । हजुरबा ९० वर्षको हुनु भो, कलियुगमा मान्छेको आयु छोटो छ भनेर एक दिन सुनाउनु हुँदा पत्याएका थिएनन् । पहिलेकाको आयु त्यति लामो हुँदो र छ र पोतो भन्नु हुदोरछ कलियुगमा मनुष्यको आयु छोटो हुन्छ भनेर नातिनीले मनमनै सोचिन् । हजुरबा रोकिनु भएको छैन । अनरण्यको सराप पछि रावण अयोध्याका राजासंग तर्सिन शुरु गरेका थिए । हुन त रावण र कुंभकर्ण महादेवका पार्शद थिए । गल्ति गर्नाले मनुष्य जुनिमा जानु, अवधि पुगेपछि शिवलोक पुन पाउने छौ भनेर महादेवले पदच्युत गर्नुभको थियो । चानेचुने त कहाँ थिए र रावण पनि । सराप पछि रावणले अयोध्यामा क्षति पुगाउन धेरै पटक कोशिस गरे पनि सकेनन् । कंशले कृष्ण नजन्मिउन, जन्मे जन्मने बित्तिकै मार्छु भने पनि विधाताको लिला कसरी टर्थ्यो र । अयोध्यामा ईच्छव, अनरण्य, मान्धाता, भगिरथ प्रतापी राजाहरु थिए । राजा सगरका सन्तान नहुँदा हिमालयमा गएर लामो तपस्या गरे । उनका दुइटी पत्नी थिए । तपस्याको फलस्वरुप बर्दान पाए कि एक रानीबाट ६० हजार र एक रानीबाट १ मात्र पुत्र हुनेछन् । १ पुत्रले तिम्रो वंश धान्ने छन् । सगरले पछि यश्वमेध यज्ञ गरे । यज्ञको घोडाको पछि ६० हजार छोरालाई खटाए । अश्व हरायो । जताततै खोजे भेटिएन । अश्व अर्थात घोडालाई इन्द्रले सुटुक्क कपिल ऋषीको आश्रममा लगेर बाँधिदिएका थिए । ६० हजार छोरा घोडा लिएर नफर्के पछि सगर राजा चिन्तित बने । पछि बाँकी रहेको एउटा छोरालाई भाईहरु र घोडाको खोजिमा पढाए । केहि दिन पछि १ छोरा अर्थात अघि वंशाबलिमा भनिएका असमञ्जस एक्लै फर्केर आए । उनले राजा सगर अर्थात पीतालाई भेनेकि अश्वमेध यज्ञको अश्व इन्द्रले चोरेर कपिल ऋषीको कुटिमा बांधि दिएछन् । भाईहरुले जमिन, जंगल, नदी, तलाउ, जमिन मुनि समेत खोज्दा कहि पाएनछन् । पछि कपिलको आश्रमा देखेछन् । ध्यानमा अन्तरध्यान ऋषीलाई कुनै जानकारी र चासो नै रहेन छ । कपिलले नै घोडा बाधेको मानी भाईहरुले ध्यानमग्न कपिललाई तथानाम भनेर अभद्र व्यवहार गरेछन् । हल्लाले कपिलको ध्यान भंग भै नेत्र खुल्नासाथ ६० हजार सबै भाई भष्म भएछन् भनि सबै बृतान्त सुनाए । एकक्षण राजा शोकमग्न भए । वर्दान पाउदाको १ छोराले मात्र वंश चलाउने छ भन्ने सम्झना गरे अनि शान्त भए । ति ६० हजारको तर्पण हुन नसक्दा अगति परेका थिए । दिलीपले आफ्ना ६० हजार बाजेलाई तार्ने उपाय के छ भनि उनै कपिललाई सोधे । तिनीहरुलाई तार्न कठिन छ, भष्म भएको ठाउमा गंगा बहाउन पर्छ भनि सुझाए । पछि पनाती भगिरथले कठिन तप गरी गंगालाई रिझाएर पृथ्वीमा अवतरण गराई तारेका थिए । ठूलो प्रयत्नले गंगालाई अवतरण गर्न मनाएका थिए । तर गंगा वेगले अवतरण गर्दा जमिन भासिने र गंगाजल पनि पाताल हुने थियो । गंगाको वेग थाम्न शिवजीलाई मनाउन भगिरथले अर्को तप गर्नु पर्यो । शिवजीले आफ्नो शीरले गंगाको वेग थामिदिन राजी हुनुभयो । तर गंगाजीको जल जमिनमा झरेन । मेरो वेग कसले थाम्न सक्छ ? भनेर गंगाजीले गरेको घमण्ड तोड्न शिवजीले आफ्नो जटामा गंगालाई अलमलाइ दिनुभयो । गंगा जटाबाट निस्कन सकिनन् । फेरि भगिरथले तप गरेर शिवजीलाई रिझाए र गंगालाई शिवजीले जमिनमा बग्न दिनुभयो । गंगाजलले सगरका ६० हजार छोराहरु तारिए । यी उदाहरणले नै हो अहिले पनि गण्डकीमा नुहाए पापबाट मुक्त भइन्छ, पनाती पुस्ता सम्मले तर्पण दिदा पितृले पाउछन् भन्ने चलन रहेको र कठिन मेहनत वा परिश्रम गर्नु पर्ने काममा भगिरथ प्रयाश गर्छु भन्ने गरिएको । रामका पूर्वज पनि प्रतापी थिए, राम भगवान नै हुनुभयो । रामका भाई भरतले १४ वर्ष राजकाज चलाउदा उनि पनि जनता र राज्य प्रति अति नै उत्तरदायी थिए । राज्यकोष तलमाथी पारेको दोष नलागोस् भनेर गाईले दाना खाएर गोवरमा नपचेको जौको दाना जम्मा गरी शुद्ध पारी आफ्नो लागि भोजनको जोहो गर्थे । राजा नै उदाहरणीय सादगि र मितव्ययी भएपछि, मन्त्री, कर्मचारीहरु पनि जवाफदेही भएर काम गरे । देशका लागि काम, स्वावलम्बी बनि खाउ माम भने जनताले पनि । दशरथका समयमा भन्दा भरतको राजकाज समयमा राज्यकोष १० गुणा बढी र अयोध्या झन् सम्बृद्ध भएको थियो । लौ नातिनातीना हो अब एक महिना स्वस्थानी कथा सुन्ने हो, अरु कथा भन्नु नभने है भनि आजको कथा सक्नुभयो र ए कान्छा मेरो ओछ्यान मिलाई दे भन्दै हजुरबा सुत्न आटितिर लाग्नुभयो ।

# तानसेनमा पाँच दिने उद्घोषण तथा पत्रकारिता तालिम



**पाल्पा,** माघ १२/तानसेनमा सञ्चालित पाँच दिने स्टेज उद्घोषण तथा पत्रकारिता तालिम सकिएको छ । इजी लाईफ मल्टिप्रपोज कम्पनीको आयोजनामा सञ्चालित तालिम बिहीबार सकिएको हो ।

तालिमको पाल्पा उद्योग वाणिव्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले एक औपचारिक कार्यक्रमका बिच समापन गरेका हुन् । तालिमको समापन गर्दै प्रमुख अतिथि भट्टराईले युवाहरुको क्षमता अभिवृद्धिका लागि तालिम महत्वपूर्ण हुने बताए । उनले सफल उद्घोष, भाषण कला र पत्रकारिता अहिलेको आवश्यकता रहेको उल्लेख गर्दै त्यस्ता व्यक्ति उत्पादनमा इजी कम्पनीले खेलेको भूमिका प्रशंसनिय रहेको उल्लेख गरे । अध्यक्ष भट्टराईले तालिमका सिकेका ज्ञान, सीपलाई व्यवहारमा उतार्न समेत तालिममा सहभागीहरुलाई आग्रह गरे । युवाहरुमा नेतृत्व क्षमताको विकाससँगै निर्धक्क बोल्न सक्ने बानीको विकास गराउनुको साथै पत्रकारिताका बारेमा ज्ञान प्रदान गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको कम्पनीका अध्यक्ष कमलप्रसाद भट्टराईले बताए । उनले भने 'युवाहरुमा रहेको अन्तरनिहित क्षमताको प्रस्फुटन गरी स्टेजमा निर्धक्क कार्यक्रम चलाउन सक्ने, सभा समारोहमा खुलेर आफ्ना भनाई राख्न र समाचार लेख्न सक्ने बनाउनु हाम्रो मुख्य लक्ष्य हो ।' सीप र कलाको विकास गराउनु अहिलेको आवश्यकता रहेको भन्दै यस्ता तालिम आगामी दिनमा समेत सञ्चालन गर्दै जाने अध्यक्ष भट्टराईले बताए । कार्यक्रमका संयोजक बलबहादुर उचाइले व्यक्तित्व विकास र क्षमता अभिवृद्धिले समाजलाई सकारात्मक परिवर्तन आउने विश्वासका साथ तालिम सञ्चालन गरिएको बताए । कार्यक्रममा अनुभव साट्दै महेश नेपाली र बविता विष्टले तालिमले आगामी दिनमा निर्धक्क कार्यक्रम सञ्चालन गर्न, बोल्न र समाचार लेख्न सक्ने भएको बताए । तालिममा सहभागी अर्की प्रशिक्षार्थी रुपा थापाले पनि उद्घोषण र पत्रकारिता सम्बन्धी धेरै कुरा सिक्न पाएकोमा सुखी व्यक्त गरिन् । उनले आफुभित्र रहेको क्षमता पनि अभ्यास नहुँदा भित्रै लुकेर बसेको कुरा तालिम लिएपछि बुझेको बताइन् । तालिम लिएपछि बोल्न र समाचार लेख्न सक्ने भएको उनको भनाइ छ । तालिममा नवजनचेतना दैनिकका उपसम्पादक रामचन्द्र रायमाझीले पत्रकारिता र समाचार लेखनका बारेमा जानकारी गराएका थिए । उनले पत्रकारिता के हो ? यसको आवश्यकता, समाचार के हो ? कसरी लेखिन्छ ? समाचारका प्रकार, समाचारको स्रोत, समाचारका हेडलाई बनाउने तरिका लगायतका बारेमा प्रशिक्षण दिएका थिए ।

यस्तै प्रशिक्षक तथा पाल्पा समाचार साप्ताहिकका सम्पादक यज्ञमुर्ति तिमिल्सिना, मिलन विक, सुमन गैरे लगायतले उद्घोषण के हो ?, उद्घोषण कसरी गर्ने ?, उद्घोषण गर्दा ध्यान दिनुपर्ने कुराहरु, असल उद्घोषकमा हुनुपर्ने गुणाहरु, उद्घोषणाको आवश्यकता, औचित्य, नेतृत्व क्षमता विकास कसरी गर्ने ? जस्ता विषयमा प्रशिक्षण दिएका थिए । समापन कार्यक्रममा प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीलाई प्रमाणपत्र समेत दिइएको छ । कम्पनीका अध्यक्ष कमल प्रसाद भट्टराईको अध्यक्षता, प्रशिक्षार्थी मिस्मा रानाको स्वागत, प्रशिक्षार्थी अरुणा भट्टराईको सञ्चालनमा समापन कार्यक्रम भएको थियो । तालिममा २० जनाको सहभागिता रहेको थियो

## खेलकुद समाचार

# प्रधानमन्त्री कप :पुलिसको लगातार छैटौं जित



**काठमाडौं,** माघ १२/नेपाल पुलिस क्लबले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगितामा कर्णाली प्रदेशलाई ६ विकेटले हराउँदै लगातार छैटौं जित हात पारेको छ । यो जितले पुलिस फाइनलमा पुग्न अब एक जित टाढा छ । जितको लागि १७२ रनको विजयी लक्ष्य पछ्याएको पुलिसले २३.४ ओभरमा ४ विकेट गुमाउँदै पूरा गऱ्यो । पुलिसको जितमा दीलिप नाथले ६२ बलमा ६ चौका र ४ छक्कासहित ७५ रनमा नट आउट रहे । कुशल भुर्तेल २८ बलमा ३ चौका र ३ छक्कासहित ४३, अमित श्रेष्ठ १ र आरिफ शेख ९ रनमा आउट भए । दीपेन्द्रसिंह ऐरी २८ बलमा ४ चौका र १ छक्कासहित ३४ रन बनाए । त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको कर्णाली ४२.५ ओभरमा १७१ रनमा अल आउट भएको थियो । कर्णलीका निश्चल रावलले १०७ बलमा ६ चौकासहित सर्वाधिक ५० रन बनाएपनि जितको लागि पर्याप्त रहेन । कप्तान रविन्द्रजंग शाहीले ३५ बलमा ८ चौका र १ छक्कासहित ४० रनमा आउट भए । पुलिसलाई ओपनर रविन्द्र र निश्चलले ११.३ ओभरमा ६३ रनको साझेदारी गर्दै उत्कृष्ट सुरुवात दिलाएका थिए । रविन्द्रलाई स्पिनर सागर ढकालले एलबीडब्लू आउट गरे । त्यसपछि पुलिसका स्पिनरले लगातार विकेट लिदै खेलमा फर्काएका थिए । विपिन शाही ४, हिशान्शु शाही ८, अनुज घर्ती २३, प्रकाश जैसी ५, दीपेन्द्र रावत र दीनेश अधिकारी ३-३ रनमा आउट भए । दिवान पुनले ५ बलमा ३ छक्कासहित २० रनमा आउट भए । पुलिसको जितमा सागर ढकालले ९.५ ओभरमा ४८ रन खर्चेर ३ विकेट लिए । ललित भण्डारीले ५ ओभरमा १ मेडनसहित ३१ रन खर्चेर २, दीपेन्द्रसिंह ऐरी, ललित राजवंशी र कुशल भुर्तेलले १-१ विकेट लिए । पुलिस ६ खेलमा १२ अंकका साथ शीर्षस्थानमा छ । कर्णाली ७ खेलमा ३ मा जित र ४ हारसहित ६ अंकका साथ सातौं स्थानमा छ । पुलिसले सोमबार गण्डकी, बुधबार लुम्बिनी र बिहीबार सुदूरपश्चिमसँग खेल्नेछ । बाँकी तीन मध्य एक जित फाइनल खेल्न पुलिसलाई पर्याप्त हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# 'लक्ष्यअनुसार राजस्व संकलन हुन सकेको छैन'




**पाल्पा,** माघ १२/अर्थमन्त्री डा.प्रकाशशरण महतले लक्ष्य अनुसारको राजस्व संकलन हुन नसकेको बताएका छन् । अन्तर्राष्ट्रिय भन्सार दिवसको सन्दर्भमा शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री महतले चालु आर्थिक वर्षमा निर्धारण गरेको लक्ष्य अनुसार सरकारले राजश्व उठाउन नसकेको स्वीकार गरेका हुन् ।

उनले राजश्व केही वृद्धि भएपनि सरकारले लक्ष्यअनुसार राजस्व उठाउन नसकेको बताए । मन्त्री महतले राजश्व संरचनामा परिवर्तनका कारण समेत लक्ष्यअनुसार संकलन हुन नसकेको बताए । 'अहिले हामी राजश्वको दृष्टिकोणबाट धेरै दबाबमा छौं । राजश्व केही वृद्धि भएको छ, तर हामीले जुन लक्ष्य निर्धारण गरेका थियौं, त्यो अनुसार हुन सकेको छैन,' अर्थमन्त्री महतले भने । डा.महतले विभिन्न प्रविधि, अन्तर्राष्ट्रिय मापदण्ड तथा असल अभ्यासको प्रयोग गर्दै अत्याधुनिक भन्सार प्रशासन निर्माणतर्फ सबैको पहल आवश्यक रहेको समेत औंल्याए । 'समग्र भन्सार प्रशासनलाई सुदृढ बनाई राजस्वको लक्ष्य हासिल व्यवसायको यथार्थ मूल्यांकनका आधारमा करको दायरमा ल्याउनुपर्छ । भन्सार क्षेत्रमा नयाँ प्रविधिको प्रयोग गरी अत्याधुनिक भन्सार प्रशासन निर्माणतर्फ केन्द्रित हुन आवश्यक छ', उनले भने । मन्त्री महतले भन्सार क्षेत्रलाई प्रभावकारी बनाउन भन्सार प्रशासन नयाँ प्रविधि प्रयोग गर्न उत्सुक हुनुपर्नेमा जोड दिए ।

'भन्सार क्षेत्रमा नयाँ प्रविधिको प्रयोग गर्नेमा भन्सार प्रशासन उत्सुक नभएको पाइएको छ । त्यो प्रवृत्ति त्याग्नुपर्छ । मुख्य नाकामा प्रविधिको प्रयोग बढाउनुपर्छ ।' उनले अर्थतन्त्रलाई थप चलायमान बनाउन राजस्व प्रशासनलाई चुस्त बनाउन आवश्यक रहेकोमा जोड दिए । समयसापेक्ष नविनतम प्रविधिको प्रयोग गरी सदाचारिता र पारदर्शिता कायम गर्नु आवश्यक रहेको उनको भनाइ थियो ।

# पाल्पामा दुर्घटना रोक्न...

..सहायता कक्षका लागि प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, ट्राफिक प्रहरी, यातायात व्यवसायी लगायतका सरोकारवाला निकायहरुको सहकार्य र समन्यवय रहने जनाइएको छ । स्वास्थ्य कार्यालयले शुक्रबार सरोकारवाला निकायहरुसँग बसेर सहायता कक्ष स्थापनाका विषयमा अभिमुखीकरण कार्यक्रम समेत गरेको हो । कार्यक्रममा तानसेन नगरपालिका वडा नं. -६ का वडा अध्यक्ष सागरमान महर्जनले एक जना चालकको हातमा ४०/५० जना यात्रु हुने हुँदा चालक पूर्णरुपमा स्वस्थ रही सवारी साधन चलाउनुपर्ने बताए । चालकलाई स्वास्थ्य प्रति सचेत गराउन बेला बेलामा सडकमै स्वास्थ्य परीक्षण आवश्यक रहेको उनले उल्लेख गरे ।

कार्यक्रममा सहभागी जनप्रतिनिधी, ट्राफिक प्रहरी, यातायात व्यवसायी, स्वास्थ्यकर्मी, पत्रकार लगायतले पछिल्लो समय चालकहरुले मोवाइलमा कुरा गर्नुको साथै सुर्तिजन्य वस्तु खाई सवारी चलाउँदा समेत दुर्घटनाको जोखिम बढ्दै गएको बताए छन् । कहिले काही चालक, सहचालकहरु अस्वास्थ्य हुँदा हुँदै पनि सवारी चलाउँदा दुर्घटना हुने गरेको भन्दै यस्ता स्वास्थ्य सहायता कक्षले रोक्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । कार्यक्रममा तानसेन नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख झविन्द्र न्यौपाने, नेपाल रेडक्रस सोशाइटी पाल्पाका सभापति बाबुराम कार्की, नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष भरत शर्मा, जिल्ला ट्राफिक कार्यालयका प्रमुख राजकुमार चापागाई, श्रीनगर यातायात सेवा प्रालिका प्रमुख झविन्द्र गौतम, पश्चिम नेपाल बस व्यवसाय प्रालिका समरबहादुर थापा लगायतले सडक स्वास्थ्य सहायता कक्ष प्रभावकारी रुपमा सञ्चालन भएमा दुर्घटना न्यूनिकरण हुने भन्दै सबै पक्षबाट सहयोगको आवश्यकता रहेको बताएका थिए ।


# तानसेन-रानीमहल र आर्यभञ्ज्याङ्ग...

...यस्तै आर्यभञ्ज्याङ्ग-रामपुर सडक खण्ड अन्तर्गत हुमिन-ताहुँ (ताहुँ देउराली) खण्डमा सडकमा स्तरोन्नती तथा मर्मत कार्यका लागि २०८० माघ १७ गतेदेखि २०८० फागुन १६ गतेसम्मका लागि सडक बन्द गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी काफ्लेले बताए । निर्माण व्यवसायी दिव्यज्योती कन्स्ट्रक्सन प्रालिले निर्माण कार्य गरिरहेको ताहुँ देउराली क्षेत्रमा सडक अत्यन्तै साघुँरो रहेकाले ढुङ्गा/माटो कटिङ्गको कार्य गर्दा दुर्घटना हुन सक्ने जोखिम अत्यधिक रहेकाले सवारी आवागमन बन्द गरी कार्य गर्नका लागि सडक कार्यलयलाई आग्रह गरेको थियो । सो आग्रह अनुसार सडक सुरक्षा समितिले दैनिक विहान १०:३० बजेदेखि दिँउसो ३:३० बजेसम्मका लागि सडक बन्द गर्ने निर्णय गरेको हो । सो समयमा एम्बुलेन्स, शववाहन, दमकल जस्ता अत्यावश्यक सवारी साधन सञ्चालनमा अवरोध नहुने गरी कार्य गर्न बैठकले निर्माण व्यवसायीलाई अनुरोध गरेको छ ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई